Lesli C. Myers-Small, Ed.D.
Superintendent of Schools
Rochester City School District
131 West Broad Street
Rochester, New York 14614

फरवरी ९, २०२२

नर्थवेस्ट जुनियर हाइ र नर्थइस्ट कलेज प्रिपरेटरी हाइ स्कूलका प्रिय विध्यार्थी र परिवारहरु,

म तपाईहरुसंग केहि रोचक समाचार साझा गर्नको लागी यस पत्र लेख्दैछु। फरवरी ८ को शिक्षा बोर्डको बैठकमा, मैले नर्थइस्ट कलेज प्रिपरेटेरी हाइ स्कूललाई ४११५ लेक एविन्यूमा अवस्थित चार्लोट क्याम्पसमा सार्ने घोषणा गरे। नर्थवेस्ट जुनियर हाइ डग्लास क्याम्पसमा रहनेछन र कक्षा ७ र ८ का विध्यार्थीहरुलाई सेवा दिन जारी राख्नेछन।

चार्लोट क्याम्पसले उच्च विध्यालयका (हाइ स्कूलका) विध्यार्थीहरुका लागी अनुकुल हुने शिक्षा वातावरण प्रदान गर्दछ जबकि डग्लास क्याम्पस मध्य विध्यालय प्रोग्रमिङका लागी बनौट गरिएको हो। यस कदमले दुवै विध्यालय समुदायहरुलाई उनीहरुको आफ्नै शैक्षिक स्थानहरुमा बढ्न र फस्टाउन अनुमति दिन्छ।

यस योजना अन्तर्गत २०२२-२३ विध्यालय वर्ष देखि लागु हुने निम्न परिवर्तनहरु हुनेछन:

- हालको नर्थइस्टको विध्यार्थीहरुसंग नयाँ क्यम्पस्मा सर्ने वा नयाँ विध्यालय चयन गर्न हाम्रा विध्यार्थी नियुक्ति विशेषज्ञहरुसंग काम गर्ने विकल्प हुनेछन।
- लिडरसिप एकेडेमी फर यङ्ग मेन यस शैक्षिक वर्षको अन्त्यमा बन्द हुनेछ, र त्यो सुविधा नर्थइस्टको नयाँ घर बन्नेछ।
- सबै नर्थवेस्टको कक्षा ८ का विध्यार्थीहरुले हाइ स्कूल छनौट गर्न स्कूल छनौट प्रक्रियामा भाग लिनुपर्छ। नर्थइस्टको स्थान्तरणसंग, अब त्यहाँ हालका ८ कक्षामा भएका विध्यार्थीहरुका लागी सिट(स्थान) पाउन ग्यारन्टी छैन।

हामी नयाँ विध्यालयमा तपाईको संक्रमणलाई सकेसम्म सहज, सरल र सफल बनाउन चाहन्छौं। आगामी हप्ताहरुमा, हामी नयाँ विध्यालय समुदायमा सर्न चाहने विध्यार्थी र परिवारहरुसंग काम गर्न थाल्नेछौं। मेरो लक्ष्य बलियो प्रोगमिङ र हरेक विद्धानलाई योग्य हुने सबै आवश्यक सहयोगको साथ् उच्च गुणस्तरको शिक्षा प्रदान गर्नु हो।

भवदीय,

Lesli C. Myers-Small

डाक्टर लेस्ली सी. मेयेर्स स्मल
विध्यालयहरुको अधिक्षक